# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


**मिति : २०७९।०९।१६**

**प्रेस विज्ञप्ति**

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सवालमा सन् २०२२ निकै नै चुनौतीपूर्ण वर्ष बनेको छ । नयाँ प्रविधि र शैलीको विकाससँगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्धका घटनामा पनि नयाँ नयाँ तरिका अपनाइएको पाइएको छ । प्रकाशित तथा प्रसारित समाचारमा असहमति राख्ने व्यक्ति वा समूहले सञ्चार संस्था र पत्रकारमाथि नयाँ नयाँ तरिका अपनाएर आक्रमण गरेका पाइएको छ । यसले नेपालको पत्रकारिता क्षेत्रमा नयाँ चुनौती भित्रिएको छ ।

अघिल्लो वर्षमा भन्दा फरक यो वर्ष डिजिटलमाध्यमबाट सञ्चारमाध्यम र पत्रकारमाथि आक्रमण भएको हो । अनलाइन सञ्चारमाध्यमको सिएमएसमा अनधिकृत प्रवेश गर्ने, संगठि रूपमा अनफलो अभियान चलाउने, सामाजिक सञ्जालमार्फत विभिन्न प्रकारका धम्की दिने, सामाजिक सञ्जाललाई बन्द गर्न प्रयास गर्ने र विमुख बनाउने तथा ह्याक गर्ने काम भएको छ ।

नेपाल पत्रकार महासंघको अभिलेखमा सन् २०२२ मा प्रेस स्वतन्त्रता हननका ५३ वटा घटना घटेका छन् । नेपाल पत्रकार महासंघको प्रेस स्वतन्त्रता अनुगमन शाखाको अभिलेखअनुसार ५३ वटा घटनामा १३२ जना पुरुष र १८ जना महिला पत्रकारसहित ६ वटा सञ्चारसंस्था प्रभावित भएका छन् । सन् २०२१ मा प्रेस स्वतन्त्रता हननका ६२ वटा घटना अभिलेख भएका थिए । ६२ वटा घटनामा १९० जना पत्रकार तथा ४ सञ्चारमाध्यम प्रभावित भएका थिए ।

सरकारले ल्याएका र ल्याउन प्रयास गरिएका सञ्चार कानून सुधारमा महासंघको निरन्तर खबरदारी हुँदा पनि पाँच वर्षे प्रतिनिधिसभाको कार्यकाल सकिएको छ । सन् २०२२ मा संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्ताविरुद्धका कानून ल्याइएको छ । संघ, प्रदेश र स्थानीय सरकारले ल्याएका सञ्चारसम्बद्ध विचाराधीन कानून प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध रहेका छन् । त्यस्ता कानूनले नेपालको संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्थालाईसमेत चुनौती थपिदिएको छ ।

| क.सं | घटनाको प्रकृति | संख्या | पीडित पुरुष | पीडित महिला | संचारमाध्यम |
|---|---|---|---|---|---|
| १ | गिरफ्तारी | ३ | ३ | | |
| २ | कब्जा/अवरोध | ७ | ८ | | ४ |
| ३ | धम्की /दुर्व्यवहार | २२ | ३३ | २ | १ |
| ४ | आक्रमण | ७ | १० | | १ |
| ५ | पेशागत असुरक्षा | ११ | ७८ | १५ | |
| ६ | नीतिगत बन्देज | १ | | | |
| ७ | लैङ्गिक हिंसा | १ | | १ | |
| ८ | विस्थापन | १ | १ | | |
| | **जम्मा घटना** | **५३** | **१३३** | **१८** | **६** |
| | | **५३** | **जम्मा पीडित** | **१५७** | |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन शाखा, २०२२, डिसेम्बर ३१*

| क.सं | घटनाको प्रकृति | संख्या | पीडित पुरुष | पीडित महिला | संचारमाध्यम |
|---|---|---|---|---|---|
| १ | गिरफ्तारी | ४ | ९ | १ | |
| २ | कब्जा/अवरोध | १० | ३० | ५ | १ |
| ३ | धम्की /दुर्व्यवहार | ३२ | ३९ | ३ | ३ |
| ४ | आक्रमण | ५ | ५ | | |
| ५ | पेशागत असुरक्षा | १० | ९१ | ७ | |
| ६ | नीतिगत बन्देज | १ | | | |
| | **जम्मा घटना** | **६२** | **१७४** | **१६** | **४** |
| | | | **जम्मा पीडित** | **१९४** | |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन शाखा । २०२१, डिसेम्बर ३० ।*

**रोसन पुरी**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org